# सरकारी स्वास्थ्य सेवा केन्द्रहरुको सुदृढिकरण परियोजना सम्बन्धि समझदारी पत्र :

२०७९/०३/२८ गते

हलेसी तुवाचुङ नगरपालिका दुर्छिम, खोटाङ
इमेल tuwachung.mun@gmail.com
फोन

तथा

सुनौलो परिवार नेपाल
२०५९
ललितपुर

सुनौलो परिवार नेपाल, बालुवाटार काठमाडौं
इमेल: msi@mariestopes.org.np
फोन नं: ९७७-०१-४४३८७३२

परियोजनाको नाम : *"Establishing public-private partnerships to sustainably advance the sexual and reproductive well-being of remote Nepalese*

## परिचय :

प्रजनन स्वास्थ्य सेवा लिन पाउनु महिला तथा किशोरीहरुको मानव अधिकार हो। नेपालको संविधानको धारा ३८(२) ले प्रजनन स्वास्थ्य अधिकारलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ। सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को प्रस्तावना मै प्रजनन स्वास्थ्य सेवालाई सुरक्षित, गुणस्तरीय, सर्वसुलभ, पहुँचयोग्य बनाउने कुराको सुनिश्चित गरेको छ भने दफा ३ ले प्रजनन स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ।

संविधानको धारा ३५(१) ले आधारभूत स्वास्थ्य सेवालाई मौलिक अधिकारको रुपमा सुनिश्चित गरेको छ भने जन स्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ ले प्रजनन स्वास्थ्यलाई आधारभूत स्वास्थ्य सेवा अन्तर्गत समेटी सवै आधारभूत स्वास्थ्य सेवा निःशुल्क रुपमा उपभोग गर्न पाउने कुराको सुनिश्चितता गरेको छ। सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा ३२ ले प्रजनन स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउनु पर्ने व्यवस्था गरेको छ साथै दफा २२ (१) ले नेपाल सरकारले प्रजनन स्वास्थ्य सेवाको लागि अनुदान रकम विनियोजन गनुपर्ने व्यवस्था गरेको छ।

राष्ट्रिय स्वास्थ्य नीति, २०७६ को ध्येय साधन स्रोतको अधिकतम एवं प्रभावकारी प्रयोग गरी सहकार्य र साझेदारी मार्फत  नागरिकको स्वास्थ्य सम्बन्धि मौलिक अधिकार सुनिश्चित गर्ने रहेको छ। त्यस नीतिमा स्वास्थ्य क्षेत्रमा सरकारी, निजि तथा गैर-सरकारी क्षेत्र विचको सहकार्य तथा साझेदारीलाई प्रबर्धन, व्यबस्थापन तथा नियमन गर्नुका साथै स्वास्थ्य, शिक्षा, सेवा र अनुसन्धानका क्षेत्रमा निजि, आन्तरिक तथा बाह्य लगानीलाई प्रोत्साहन एवं संरक्षण गरिनेछ भनिएको छ।  यसले स्वास्थ्य क्षेत्रमा निजि, गैर- सरकारी क्षेत्रलाई प्रोत्साहित गर्ने र सहभागिता तथा बृद्धीले स्वास्थ्य क्षेत्रमा विपन्न बर्गको पहुँच स्थापित हुनेछ।

सरकारी, निजि तथा गैर-सरकारी क्षेत्र विचको सहकार्य तथा साझेदारीले सुरक्षित गर्भपतन र नवजात स्वास्थ्य (SMNH) रोड म्याप, २०३० ले निर्धारण गरेको लक्ष्यलाई हासिल गर्न मद्दत पुराउने छ। सबै आमा र नवजात शिशुहरुको लागि स्वस्थ्य जीवन र हित निश्चित गरेको, मातृ मृत्यु दर अनुपात २३९ देखि ७० मृत्यु  प्रति १,००००० जीवित जन्ममा झार्न र नवजात शिशु मृत्यु दर (NMR) लाई समेत घटाउने लक्ष्य समेत यसले राखेको छ।  नवजात शिशु मृत्यु दर (NMR) अहिले २१ बाट १२ प्रति १,००० जीवित जन्ममा झार्न र अहिले रहेको जन्मदर १८ देखि १२.५ मृत्यु प्रति प्रति १,००० जीवित जन्म २०३० सम्म झार्न लक्ष्य समेत यसले राखेको छ। यसले सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य ऐन, २०१८ मा रहेको प्रतिवद्दतालाई पुरा गर्न समेत सहयोग पुर्याउने देखिन्छ।

## पृष्ठभूमि तथा औचित्य :

सुनौलो परिवार नेपालले मेरी स्टोप्स् इन्टरनेशनलको आर्थिक र प्राविधिक सहयोगमा विगत २ दशक देखि नेपालमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, परिवार कल्याण महाशाखा, प्रदेश सामाजिक विकास मन्त्रालय, प्रदेश स्वास्थ्य निर्देशनालय, स्वास्थ्य कार्यालय साथै स्थानीय तहहरुको सहयोग तथा समन्वयमा नेपालका विभिन्न स्थानहरुमा प्रजनन स्वास्थ्य सेवा सम्बन्धि कार्यक्रम मेरी स्टोप्स् सेन्टर, आउटरिच, र एम.एस.लेडिज मार्फत संचालन गर्दै आईरहेका छ। साथै यस संस्थाले

*and reproductive well-being of remote Nepalese communities*". नामक परियोजना जिल्ला, प्रदेश अन्तर्गतका सरोकार निकायहरु, स्थानीय तहहरुको सहयोग र समन्वयमा परिवार नियोजन तथा सुरक्षित गर्भपतन सेवा र सरकारी स्वास्थ्य सेवा केन्द्रहरुको सुदृढिकरण सम्बन्धी कार्यक्रमहरु लागू गरिरहेको छ । यो परियोजनाको मुख्य लक्ष्य सरकारी, निजि तथा गैर-सरकारी क्षेत्र विचको सहकार्य तथा साझेदारी मार्फत कोभिड-१९ को कारणबाट प्रभावित जनसंख्याको यौन तथा प्रजनन स्वास्थ्य र अधिकार स्थापित गर्ने रहेको छ । यो परियोजना यस खोटाङ्ग जिल्लामा जुलाई २०२१ देखि जुन २०२३ सम्म लागु हुनेछ ।

आगामी दिनहरुमा यस संस्थाले परियोजनाको दिगोपनलाई ध्यानमा राखेर मेरी स्टोप्स लेडिजहरुको स्थानीय तहहरुमा हस्तान्तरण गर्ने र साथ साथै सरकारी स्वास्थ्य संस्थाका सेवाप्रदायकहरुलाई परियोजनाले निर्देशित गरेका विभिन्न तालिमहरु प्रदान गरी सरकारी तथा गैर-सरकारी निकायहरु विच सहकार्य मार्फत सबै परिवार नियोजन सेवा, यौन रोग निदानको लागि सेवा, पाठेघरको मुखको क्यान्सरको पहिचान र उपचार, पाठेघर खस्ने समस्याको उपचार आदि सेवाको सुनिश्चिततता गर्ने रहेको छ। त्यस जिल्लामा आगामी दिनहरुमा परियोजना समापन भएतापनि सेवाग्राहीहरुले सेवा प्राप्त गर्न सकुन भन्ने उदेश्यको साथ यस संस्थाले स्थानीय तहहरुसंगको सहयोग र समन्वयमा कार्य गर्दै आइरहेको छ। सोहि अनुरुपस्थानीय सरकारसँग समन्वय गरि सुनौलो परिवार नेपालले संचालन गरेको सरकारी स्वास्थ्य सेवा केन्द्रहरुको सुदृढिकरण परियोजनाको समयावधि पछि पनि परिवार नियोजन सेवाको दिगोपना सुनिश्चित गर्नु यस संस्थाको मुख्य लक्ष्य हो ।

माथी उल्लेखित पृष्ठभुमीको अधिनमा रही सोही उदेश्यले हलेसी तुवाचुङ नगरपालिका दुर्छिम,खोटाङ, यसपछि 'पहिलो पक्ष' भनिने र सुनौलो परिवार नेपाल, यसपछि 'दोस्रो पक्ष' भनिने दूबै पक्ष बिच तपसिल अनुरुप हुने गरी यो समझदारी पत्रमा हस्ताक्षर गर्यौ ।

प्रथम पक्ष : हलेसी तुवाचुङ नगरपालिका दुर्छिम, खोटाङ यस सम्झौताको प्रथम पक्ष रहनेछ ।
दोश्रो पक्ष : सुनौलो परिवार नेपाल यस सम्झौताको दोश्रो पक्ष रहनेछ ।

**पहिलो पक्ष ( हलेसी तुवाचुङ नगरपालिका दुर्छिम, खोटाङ) निम्न लिखित कार्य गर्न सहमत छ ।**

(क) स्वास्थ्य संस्था स्वास्थ्य सेवा केन्द्रहरुको सुदृढिकरण कार्यक्रमको लागि स्वास्थ्य संस्था पहिचान गरी दोस्रो पक्षलाई सिफारिस गर्ने ।

(ख) छनौटमा परेका स्वास्थ्य संस्थाबाट सेवा प्रदायकलाई स्वास्थ्य सेवा केन्द्रहरुको सुदृढिकरण कार्यक्रमको लागि आवश्यक तालिम प्रदानको निम्ति दोस्रो पक्षलाई नाम सिफारिस गर्ने ।

(ग) सेवा प्रदायकलाई तालिमहरु (LARC, STI, VIA, PoPs, MA, MVA, MSL, MSV र IP) प्रदानको निम्ति दोश्रो पक्षले राष्ट्रिय/प्रदेश स्वास्थ्य तालिम केन्द्रबाट समय लिए पश्चात सहभागिताको लागि आवश्यक स्वीकृति दिने ।

(घ) तालिम लिए पश्चात सेवा प्रदानको लागि सेवाहरुको गुणस्तर तथा क्षमता बिश्लेषण र सेवा प्रदायकको योग्यता परिक्षण गर्न दोश्री पक्षलाई आवश्यक सहयोग प्रदान गर्ने ।

(ङ) छनौटमा परेको स्वास्थ्य संस्थामा सेवा प्रदानको लागि आवश्यक ठाउँ, औषधि, आपूर्ति, सामान, र फर्निचरहरु सुनिश्चित गर्ने ।

(च) आवश्यक सेवा प्रदानको लागि संघ/प्रदेश/स्थानीय तहबाट सेवाको स्वीकृति लिने ।

(छ) दोश्रो पक्षलाई नेपाल सरकारद्वारा स्वीकृत गुणस्तर मापदण्ड र मेरी स्टोप्स इन्टरनेशनलको चेकलिस्ट प्रयोग गरी स्वास्थ्य संस्था/ सेवा प्रदायक/सेवाको गुणस्तर प्राविधिक मूल्याङ्कन गर्न आवश्यक सहयोग प्रदान गर्ने ।

(ज) दोश्रो पक्षलाई मासिक रुपमा सेवाको प्रतिवेदन आवश्यकता अनुसारको ढाँचामा उपलब्ध गराउने।

(झ) सेवा प्रदायकलाई समय समयमा कोचिङ र मेन्टरिङको लागि दोश्रो पक्षसंग आवश्यक सहयोग र समन्वय गर्ने ।

(ञ) सेवा प्रदान गरे पश्चात सेवाग्राहीलाई सेवाको जटिलता आएमा व्यबस्थापन गर्न मातहतको स्वास्थ्य संस्थामा समन्वय गर्ने ।

**दोस्रो पक्ष (सुनौलो परिवार नेपाल, बालुवाटार) निम्न लिखित कार्य गर्न सहमत छ ।**

(क) पहिलो पक्षलाई स्वास्थ्य संस्था पहिचानको लागि स्वास्थ्य सेवा केन्द्रहरुको सुदृढिकरण परियोजनाको प्रस्तावमा उल्लेख भएको मापदण्ड प्रदान गर्ने ।

(ख) छनौटमा परेका स्वास्थ्य संस्थाबाट पहिलो पक्षले सिफारिस प्रदान गरेका सेवा प्रदायकहरुलाई आवश्यक तालिमहरु (LARC, STI, VIA, PoPs, MA, MVA, MSL, MSV र IP) प्रदान गर्ने ।

(ग) सेवा प्रदायकलाई तालिमको प्रदानको निम्ति राष्ट्रिय/प्रदेश स्वास्थ्य तालिम केन्द्रबाट आवश्यक स्वीकृति लिने ।

(घ) तालिम लिए पश्चात सेवा प्रदानको लागि सेवाहरुको गुणस्तर तथा क्षमता बिश्लेषण र सेवा प्रदायकको योग्यता परिक्षण गर्ने ।

(ङ) सेवा प्रदायकले तालिम लिए पश्चात सेवा प्रदानको लागि परियोजनामा उपलब्ध भएको बजेटमा आधारीत रहेर आधारभूत उपकरणहरु प्रदान गर्ने ।

(च) नेपाल सरकारद्वारा स्वीकृत गुणस्तर मापदण्ड र मेरी स्टोप्स इन्टरनेशनलको चेकलिस्ट प्रयोग गरी स्वास्थ्य संस्था/ सेवा प्रदायक/सेवाको गुणस्तर प्राविधिक मूल्याङ्कन गर्ने ।

(छ) कार्यक्रमको आवश्यकता अनुसार सर्वेक्षण तथा अनुसन्धान क्रियाकलापहरु संचालन गर्ने।

(ज) कार्यक्रमको आवश्यकता अनुसार मुख्य सिकाइ उपलब्धि तथा चुनौतीहरु प्रमुख सरोकारवालाहरु बिच छलफलमा ल्याउने।

(झ) सेवा प्रदायकलाई समय समयमा कोचिङको व्यबस्था गर्ने ।

(ञ) परियोजनाको समापनपछि परियोजनाले हाँसिल गरेका उपलब्धिहरु, कार्यक्रमसंग सम्बन्धित अभिलेखहरु हस्तान्तरण गर्ने ।

**समिक्षा तथा अभिलेख** : दुवै पक्षले यस सम्झौता अनुरुपका शर्तहरु पालना गर्दा भएका निर्णय, अभिलेख तथा मुल्यांकन प्रयोजनका लागि एक अर्कालाई उपलब्ध गराउने छन् ।

भाषा : यो सम्झौता नेपाली भाषामा गरिनेछ र अन्य भाषामा गरिएको अनुवादलाई यस सम्झौता बमोजिम भएको मानिने छैन ।

**कानुनी अनुपालन** : दुवै पक्षले प्रचलित संघिय, प्रादेशिक एवं स्थानिय सरकारको कानूनको परिपालना गर्दै तोकिएका शर्तहरु पुरा गर्ने छन् ।

सहमति: यस सहमति पत्रमा तोकिएको समय अवधी भित्र वा सो पश्चात कुनै पनि पक्षले एक अर्कालाई कुनै पनि प्रकारको दायित्व सिर्जना हुने कार्य गर्न, गराउन नपाउनेमा सहमत रहेका छन् ।

**संशोधन र खारेजी** : दुवै पक्षका आधिकारिक व्यक्तिहरूले हस्ताक्षर गरी यस सहमतिपत्रलाई आवश्यकता अनुसार दुवै पक्षको सहमतिमा संशोधन र खारेजी गर्न सकिने छ ।

करार अवधि : यो सम्झौता मिती जुलाई २०२१ देखि जुन २०२३ सम्म लागु हुनेछ ।

| पहिलो पक्षको तर्फबाट : | दोस्रो पक्षको तर्फबाट : |
|---|---|
| हस्ताक्षर : [हस्ताक्षर] | हस्ताक्षर : [हस्ताक्षर] |
| नाम : रविकिरण आचार्य | नाम : तुषार निरौला |
| पद : नि.प्र.प्र.अ. | पद : कार्यकारी निर्देशक |
| संस्था : | संस्था : (सुनौलो परिवार नेपाल) |
| मिति : २०७८।४।१२ | मिति : |

साक्षी :

| | |
|---|---|
| हस्ताक्षर : [हस्ताक्षर] | हस्ताक्षर : Bhawana |
| नाम: झरना राई | नाम: भावना शाक्य |
| पद : सहायक पाँचौं | पद : मानव संसाधन निर्देशक |
| मिति: २०७८।४।८ | मिति: |